९९ औं

वार्षिक साधारण सभा

वार्षिक प्रतिवेदन

आ.व. २०७६/०७७

दर्ता नं.: २८७५/०६६/६७

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

ZEST IDEOLOGY SAVING & CREDIT CO-OPERATIVE LTD.

प्रधान कार्यालय:

महालक्ष्मी कम्प्लेक्स, खिचापोखरी, न्यूरोड

फोन नं: ०१-४२६४६६४, ४२२५५७३, ४२५३६६३

सदस्य सेवा केन्द्र:

मैतीदेवी, काठमाडौं

फोन नं: ०१-४४१६४०१, ४४१७७२९

सनसिटी चोक, काडाँघारी, काठमाडौं

फोन नं: ०१-५९०१९७४, ५९०१९७५

www.zestideologycoop.com.np

सञ्चालक समिति



राम प्रसाद आचार्य
अध्यक्ष



कृष्ण प्रसाद थपलिया
उपाध्यक्ष



हेम बहादुर कार्की
सचिव/प्रमुख कार्यकारी सञ्चालक



पुरुषोत्तम हुमागाईं
कोषाध्यक्ष



जयराम सिग्देल
सञ्चालक



अनिता पन्त
सञ्चालक



बाबुराम आचार्य
सञ्चालक

लेखा समिति



रामकुमार पण्डित
सदस्य



मोहन बहादुर बुढाथोकी
संयोजक



दुर्गा भण्डारी
सदस्य

सल्लाहकारहरु




गोपाल प्रसाद आचार्य
सल्लाहकार




शम्भु प्रसाद निरौला
कानूनी सल्लाहकार

संस्थाको पछिल्लो ५ बर्षे वित्तिय सूचकहरूको प्रगति विवरण


शेयर पूँजी




कोष हिसाब




निक्षेप हिसाब




कर्जा जोखिम कोष




बाह्य ऋण तथा सापटी




लगानी हिसाब



कर्जा लगानी



कुल सम्पत्ति



Regd. No: 2875/066/67
HEAD OFFICE:
Mahalaxmi Complex, Khichapokhari, New Road, Kathmandu
Tel.: 01-4264664, 4225573, 4253663
SERVICE CENTRE:
Maitidevi, Kathmandu
Tel: 01-4416401, 4417729
Suncity Chowk, Kadaghari, KTM.
Tel: 01-5901974, 5901975

जेष्ट आइडियोलोजी
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ZEST IDEOLOGY SAVING & CREDIT CO-OPERATIVE LTD.

प.सं. २०७६/०७७
च.नं. ००५६

मितिः २०७६/०७/२४ गते

शेयरधनी श्री..... ज्यू,
..... ।

विषय :- **एघारौं साधारण सभामा उपस्थित हुने बारे ।**

आदरणीय शेयर सदस्य महानुभावहरु,

उपरोक्त सम्वन्धमा यस संस्थाको मिति २०७७/०७/२३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार तथा सहकारी विभागको मिति २०७७/०६/०१ प.सं. ०७७/७८ को च.नं. २०२ मार्फत सहकारी संघ, संस्थाको साधारण सभा सम्पन्न गर्ने प्रक्रियाको परिपत्र/सूचना बमोजिम सम्पन्न गर्नुपर्ने भएकोले यस संस्थाको एघारौं वार्षिक साधारण सभा निम्न लिखित प्रस्तावहरु उपर छलफल गर्ने गरी निम्न मिति, स्थान र समयमा सम्पन्न हुन लागेकोले उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

छलफलका एजेण्डाहरू:

१) आ.व. ०७६/७७ को सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू तथा प्रमूख कार्यकारी संचालकको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
२) आ.व. ०७६/७७ को आय-ब्यय विवरण सहितको लेखा परिक्षण प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा,
३) आ.व. ०७६/७७ को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
४) चालु आ.व. ०७७/७८ को लागि लेखा परीक्षकको नियुक्ती र नीजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
५) सञ्चालक समितिले गरेका निर्णयहरु उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा,
६) सञ्चालक समितिले सिफारिस गरे बमोजिम कोषको बाँडफाँड तथा लाभांस वितरण सम्बन्धमा,
७) संस्थाको नीति तथा कार्यविधिहरु संसोधन तथा पारित गर्ने सम्वन्धमा,
८) संस्थाको विनियम संसोधन तथा पुर्नलेखन सम्वन्धमा,
९) साधारण सभाको निर्णय पुस्तिका हस्ताक्षर गरी प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा,
१०) विविध ।

कार्यक्रम:

मिति : २०७७ मंसिर १५ गते देखि २२ गते सम्म
स्थान : प्रधान कार्यालय/पायक पर्ने सदस्य सेवा केन्द्रहरुमा
समय : विहान १०:०० बजे देखि ४:०० बजे सम्म
(नोटः कार्यक्रम निर्धारित समयमै शुरु हुने)

हेम बहादुर कार्की
सचिव

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि. को वार्षिक साधारण सभा र वार्षिकोत्सव सम्पन्न सम्बन्धी जानकारी

सभा/ बार्षिकोत्सव	मिति	स्थान	अतिथिहरु	
			प्रमुख अतिथि	विशेष अतिथि/अतिथि
प्रारम्भिक साधारण सभा	२०६७/२/१३	संस्थाको कार्यालय मैतिदेवी, काठमाडौं	कृष्ण प्रसाद शर्मा डिभिजन सहकारी कार्यालय, काठमाडौं	लेखनाथ पगेनी डिभिजन सहकारी कार्यालय, काठमाडौं
प्रथम साधारण सभा	२०६७/९/१७	पार्क भिलेज बुढानिलकण्ठ, काठमाडौं	दाताराम खनाल उपाध्यक्ष, समाज कल्याण परिषद्	
दोश्रो साधारण सभा	२०६८/५/२४	जेष्ट आइडियोलोजी प्रा. लि. हल मैतिदेवी, काठमाडौं	गोपाल प्रसाद आचार्य अध्यक्ष, काठमाडौं प्याब्सन	
तेश्रो साधारण सभा	२०६९/५/३०	जेष्ट हल गोगंबु, काठमाडौं	व्याकुल माइला (प्रदिप कु. राई) राष्ट्रिय गानका रचनाकार	
चौथो साधारण सभा	२०७०/६/२	अन्नपूर्ण पार्टि भेन्यू सेतोपुल, काठमाडौं		शर्मिला राज भण्डारी डिभिजन सहकारी कार्यालय
पाँचौं साधारण सभा	२०७१/५/२८	होटल हार्दिक बागबजार, काठमाडौं	केशव बढाल अध्यक्ष, राष्ट्रिय सहकारी संघ	भानुभक्त जोशी पूर्व वन मन्त्री
पाँचौं बार्षिकोत्सव	२०७१/१०/२५	बाल सारथी एकेडेमी जय बागेश्वरी, काठमाडौं कार्यक्रमः शैक्षिक सामग्री वितरण		
छैटौं साधारण सभा	२०७२/८/१९	होटल हार्दिक बागबजार, काठमाडौं	मा. टोप बहादुर रायमाझी उप-प्रधान तथा उर्जा मन्त्री	ऋषिराज घिमिरे अध्यक्ष, नेफ्स्कून
छैटौं बार्षिकोत्सव	२०७२/१०/२५	राइजिङ्ग लोटस चिल्ड्रेन भिलेज कीर्तिपुर, काठमाडौं कार्यक्रमः शैक्षिक सामग्री वितरण		
सातौं साधारण सभा	२०७३/५/२५	होटल हार्दिक बागबजार, काठमाडौं	मा. राधिका तामाङ कृषि राज्य मन्त्री	सरोज शर्मा सह-अध्यक्ष, राष्ट्रिय सहकारी बोर्ड
सातौं बार्षिकोत्सव	२०७३/१०/२५	संस्थाको कार्यालय मैतिदेवी, काठमाडौं कार्यक्रमः बृहत रक्तदान तथा नयाँ कार्यालयको समुद्घाटन	मा. हृदयराम थानी सहकारी तथा गरिबी निवारण मन्त्री	परितोष पौडेल वरिष्ठ उपाध्यक्ष, नेफ्स्कून
आठौं साधारण सभा	२०७४/५/१७	होटल हार्दिक बागबजार, काठमाडौं	मा. रामशरण महत पूर्व अर्थमन्त्री	सरोज शर्मा सह-अध्यक्ष राष्ट्रिय सहकारी बोर्ड

सभा/ बार्षिकोत्सव	मिति	स्थान	अतिथिहरु	
			प्रमुख अतिथि	विशेष अतिथि/अतिथि
नवौं साधारण सभा	२०७५/५/०८	सेलिब्रेसन ब्यान्क्वेट कमलपोखरी, काठमाडौं	मा. पद्मा अर्याल भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री	मा. दावा दोर्जे लामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री प्रदेश नं. ३
दशौं साधारण सभा	२०७६/५/२७	कार्की ब्यान्केट, बबरमहल, काठमाडौं	मा. योगेश भट्टराई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री	संस्कृतीविद् सत्यमोहन जोशी वाङ्मय शताब्दी पुरुष सहकारीविद् दिपक प्रकाश बास्कोटा
दशौं बार्षिकोत्सव	२०७६/१०/२५	सप्ताहव्यापी १० सामाजिक उत्तरदायित्वको कार्य सहित धरहरा फुड ल्याण्ड, खिचापोखरी, काठमाडौंमा समापन	के.बि. उप्रेती राष्ट्रिय सहकारी बैंक	

संस्थाको महत्वपूर्ण जानकारीहरू

१. जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०६६/१०/२५ गते संस्थागत आधारबाट डिभिजन सहकारी कार्यालय काठमाडौंमा विधिवत रुपमा दर्ता भयो ।

२. संस्थाको विधिवत कारोवार मिति २०६७/१/४ गते समुद्घाटन गरि मैतीदेवि, काठमाडौंबाट शुरुवात भयो ।

३. संस्थाको संस्थागत आधारबाट भौगोलिक (स्थानीय) आधारमा मिति २०६८/९/१ गते डिभिजन कार्यालयबाट संसोधन स्वीकृति लिइयो ।

४. संस्थाको प्रधान कार्यालय खिचापोखरी, न्यूरोडलाई डिभिजन सहकारी कार्यालय, काठमाडौंबाट मिति २०६८/१२/२८ गते संसोधन स्वीकृति लिई मिति २०६९/२/११ गते समुद्घाटन गरि नयाँ कार्यालयबाट कारोबार शुरुवात गरियो ।

५. संस्थाको सेवा केन्द्र मैतिदेवी मिति २०६९/१२/५ गते संसोधन स्वीकृति डिभिजन सहकारी कार्यालयबाट लिइयो ।

६. संस्थाको कार्यक्षेत्र काठमाडौं महानगरपालिका र सो सँग जोडिएका सम्पूर्ण साविकका गा.वि.स.हरु मिति २०६९/१२/५ गते डिभिजन सहकारी कार्यालय काठमाडौंबाट संसोधन स्वीकृति लिइयो ।

७. संस्थाले आफ्नो नाममा मिति २०७०/४/११ गते रजिष्ट्रेशन छुटको स्वीकृति लिई का.म.न.पा.-४, चण्डोल स्थित भवन निर्माण प्रयोजनार्थ १० आना जग्गा खरिद गरियो ।

८. यस संस्थामा सहकारी विभागको अनुगमन सम्पन्न मिति २०७१/५/८ गते भई २०७२/६/१५ गते लेखा परिक्षणको स्वीकृति समेत लिइयो ।

९. यस संस्थाको कुल शेयर पूँजी रु. १० करोड मिति २०७१/६/२७ गतेबाट डिभिजन सहकारी कार्यालयबाट संसोधनको स्वीकृति लिइयो ।

१०. डिभिजन सहकारी कार्यालय, काठमाडौंबाट छनौट गरिएको यस संस्था महालेखा परिक्षक विभागबाट मिति २०७३/८/८ गते अनुगमन निरिक्षण गरियो ।

११. यस संस्थाको सेवा केन्द्रको नयाँ कार्यालय र सप्ताहव्यापी कार्यक्रमको सम्पन्न सभाको मिति २०७३/१०/२५ गते माननीय सहकारी तथा गरिबी निवारण मन्त्री हृदयराम थानीज्यूबाट उद्घाटन गरियो ।

१२. प्रविधिलाई प्रबर्द्धन गर्न संस्थाले एटिएम (ATM) सहितको विद्युतिय सेवा प्रदान गर्न सम्बन्धित निकायबाट २०७४ सालमा स्वीकृती लिइयो ।

१३. संस्थाले शेयर सदस्यहरुको सहजता र संस्थालाई प्रविधि मैत्री बनाउन मोबाईल तथा ट्याब्लेट बैंकिङ्ग सेवा मिति २०७५/०७/१६ गतेबाट शुरुवात गरियो ।

संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत

१० औं बार्षिकोत्सव

विशेष कार्यक्रमहरू:

२०७६/१०/२५ गते, शनिवार

१. संस्थाको सेवा केन्द्र मैतीदेवी परिसरमा वृक्षारोपण कार्यक्रम ।
२. पर्यटन प्रबर्द्धनको लागि सदभाव च्याली (मैतीदेवी देखि न्यूरोडसम्म)
३. मैतीदेवी, सेतोपुल स्थित निर्माणाधिन प्रहरी विटको लागि आर्थिक सहयोग ।
४. एकिकृत सृजनशील समाज नेपाल, मनमैजु, काठमाडौंका द्वन्द्व पिडित र असहाय बालबालिकाहरूको लागि बसोबास गरेको एउटा बालगृहको १ महिनाको घर भाडा सहयोग ।
५. नव जीवन परोपकार समाज, तारकेश्वर, काठमाडौमा रहेका असहाय बृद्धबृद्धाहरूका लागि खाद्यान्न सहयोग ।
६. श्री देवीस्थान प्रा. लि. धुर्कोट-६, किमुखर्क, गुल्मीमा अध्ययनरत बालबालिकालाई झोला वितरण ।
७. ओखलढुङ्गा जिल्ला लिखु गा.पा. वडा नं. ६ र ७ को लागि ४ ओटा विरामी बोक्ने स्ट्रेचर सहयोग ।
८. बालबालिका, महिला तथा शिक्षा सहयोगी फाउण्डेशन नेपाललाई पुस्तकालय फर्निचर सहयोग ।
९. आगलागीबाट घाइते भएका अर्घाखाँची जिल्ला मालारानी गा.पा. वडा नं. ५, कुजेरीका राजन थापालाई उपचारार्थ आर्थिक सहयोग ।
१०. सफलता एच.आइ.मि. शिक्षा सदन, कीर्तिपुरलाई आर्थिक सहयोग ।

११ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्षज्यू द्वारा प्रस्तुत प्रतिवेदन

हामी जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि. को ११ औं साधारण सभा गरिरहेका छौं । यो अवस्थासम्म आइपुग्दा यो संस्थालाई सफलतापूर्वक लिएर आउने सञ्चालक समितिका पदाधिकारीज्यूहरू, सल्लाहकारज्यूहरू, लेखा समितिका पदाधिकारीज्युहरू, उप-समितिका पदाधिकारीज्यूहरू, शेयर सदस्यज्यूहरू, संस्थामा कार्यरत कर्मचारी भाइबहिनीहरू सबैमा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु । यसरी नै संस्थालाई हरतरहबाट निहाल्दै वित्तिय सहयोग पुऱ्याउनु हुने राष्ट्रिय सहकारी बैंक, नेफ्स्कून, काठमाडौं जिल्ला सहकारी संघ, कास्कून, लगायत सबै सहयोगी संघसस्था र सहकारीहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

सहकारी क्षेत्रको विकासका क्रममा धेरै उतारचढावहरू आए पनि यो क्षेत्रले आफूलाई आर्थिक क्षेत्रको एउटा महत्वपूर्ण अङ्गको रूपमा विकास हुन सफल भएको छ । त्यसैले यो क्षेत्र एक सफल र विकसित रूपमा अगाडि बढी रहेको छ । हाम्रो संस्थाले पनि ११ वर्ष अघि देखि बजारमा आइरहेका हरेक चुनौतिहरूलाई सफलतापूर्वक सामना गर्दै शेयर सदस्य महानुभावहरू बिच आफ्नो छविलाई उज्यालो बनाउँदै आएको छ । यस आर्थिक वर्षमा थप चुनौति र समस्या बनेर कोभिड-१९ को महामारी विश्वव्यापी बनेर आयो । कोरोना भाइरस (कोभिड-१९) को हालसम्म कुनै औपचारिक उपचार देखा परेको छैन । यसले संसारलाई नै ठप्प बनायो । पठनपाठन देखि उद्योग व्यापार पूर्णरूपमा धरासायी बनायो । लाखौं मानिसहरूले कोभिड-१९ का कारण अकालमा ज्यान गुमाउनु पऱ्यो । यो महामारीले हाम्रो देशलाई पनि धेरै प्रभावित बनायो । देशका सबै क्षेत्र स्थिर रहे । प्रायः सबै वित्तिय संघसंस्थाहरू लामो समयसम्म बन्द रहनु पऱ्यो । शैक्षिक क्षेत्र हालसम्म पनि बन्द नै रहेका छन् । यस्तो विषम परिस्थितिलाई सामना गर्दै सहकारी संस्था दुख, सुख र साह्रो, गाह्रोको साथी भएको कुरालाई पूर्णरूपमा हाम्रो संस्थाले चरितार्थ गऱ्यो । अधिकांस शेयर सदस्य महानुभावहरूलाई फोन सम्पर्क गर्ने र उहाँहरूको अवस्थाको बारेमा जानकारी लिने काम गरियो । उहाँहरूलाई संस्थाले घर-घरमा पुगेर सेवा दिइयो । निक्षेप नभएका शेयर सदस्यहरूलाई छोटो अवधि कर्जाको व्यवस्था समेत गरियो । यस्तो सेवाले संस्थाका सेयरसदस्य महानुभावहरूको मन जित्न संस्था सफल भयो ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

हाम्रो संस्था सहकारी सिद्धान्त, सहकारी ऐन २०७४, सम्पत्ति सुद्धिकरण निर्देशिका २०७४ ले दिइएका क्षेत्रधिकार भित्र रहेर आफ्नो वित्तिय गतिविधि गर्दै आएको छ । यो संस्थाले सेयर सदस्यहरूका आर्थिक क्षेत्रमा मात्र नभएर सामाजिक क्षत्रको उत्तरदायित्व पनि वहन गर्नु पर्ने हुनाले सो भूमिका पनि वर्षेनी निर्वाह गरिरहेको छ । यस आ.व.मा पनि हाम्रो संस्थाको १० औं वार्षिक उत्सव वर्षलाई ध्यान दिदै १० वटा महत्वपूर्ण सामाजिक कार्य सम्पन्न भए । जसमाः- (१) संस्थाको सेवा केन्द्र मैतीदेवी आसपासमा वृक्षारोपण कार्यक्रम (२) मैतिदेवि प्रहरी चौकी निर्माणार्थ रु. २५,०००।- आर्थिक सहयोग (३) नव जीवन परोपकार समाजलाई खाद्यान सहयोग (४) सफलता एच.आइ.भि शिक्षा सदनलाइ रु. २५,०००।- आर्थिक सहयोग (५) पर्यटन वर्षलाई उत्साह प्रदान गर्न प्रभातफेरी पैदलयात्रा कार्यक्रम (६) ओखलढुङ्गा जिल्ला लिखु गा.पा. वडा नं. ६ र ७ को लागि ४ वटा विरामी बोक्ने स्ट्रेचर (७) बालबालिका, महिला तथा शिक्षा सहयोगी फाउन्डेसन नेपाललाई पुस्ताकालयका लागि दराज सहयोग (९) आगलागिबाट घाईते भएका अर्घाखाची जिल्ला मालारानी गा.पा वडा नं. ५, कुजेरीका राजन थापालाई उपचार्राथ आर्थिक सहयोग (१०) पहिलो पाईला नेपाल नामक संस्थाको समन्वयमा गुल्मी जिल्ला धुर्कोट-६, स्थित देवीस्थान प्रा.वि का बालवालिकालाई झोला वितरण (११) राष्ट्रिय सहकारी बैंक का अध्यक्ष प्रमुख अतिथि रहेको बार्षिक उत्सव कार्यक्रम सम्पन्न भए ।

यसैगरी संस्थाले कोभिड-१९ बाट पिडित मानिसहरूलाई सहायता गऱ्यो । जस अनुसार काठमाडौं महानगरपालिका वडा नं. २९ र कागेश्वरीमनोहरा न.पा. वडा नं. ९ का वडा कार्यालय दुवैलाई रु. २५,०००।- हस्तान्तरण गरी जस्तो सुकै विपतमा पनि सहकारी पछि पर्दैन भन्ने कुराको उदाहरण बन्न हाम्रो संस्था सफल रह्यो ।

आदरणीय सेयरसदस्य महानुभावहरू,

हाम्रो संस्थाको आर्थिक वर्ष २०७६/०७७ आषाढ मसान्तसम्ममा चुक्ता शेयर पूँजी ९ करोड १९ लाख १७ हजार रहेको छ । कुल निक्षेप १ अर्ब ८ करोड २१ लाख ८१ हजार ३ सय १० रहेको छ । कूल कारोबार १ अर्ब ७० करोड ८४ लाख ३१ हजार ५० रुपैँया रहेको छ । संस्थाले बर्षेनी गुणस्तरीय रूपमा आफ्नो कारोवारलाई व्यापक वृद्धि गर्दै लगिरहेको छ । संस्थाले आफ्नो वित्तिय संरचना र शेयर सदस्य महानुभावहरूको मनोभावलाई पनि ह्दयगम गर्दै संस्थाको आफ्नो सेवा कार्यालयको भवन निर्माणका लागि कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ मुलपानीमा अवस्थित १६ आना जग्गा खरिद गरियो । यो संस्थाको महत्वपूर्ण उपलब्धि हो ।

यो वर्ष कोरोना भाईरस (कोभिड-१९) को महामारीका कारण हाम्रो संस्थाले प्रत्यक्ष रूपमा भेला, बैठक र बार्षिक साधारण सभा गर्न असर्मथ रह्यो । सरकारी निर्णय र नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाले यो वर्ष भरी गरेका आर्थिक तथा सामाजिक गतिविधि समेटिएको संस्थाको बार्षिक प्रतिवेदन विभिन्न माध्यमबाट यहाँहरूको माझ आएको छ । यहाँहरूले आफुलाई लागेका सुझाव सल्लाहहरू दिनु हुने विश्वास मैले लिएको छु । यो आर्थिक वर्षमा कोभिड-१९ को असर अझ धेरै देखिने छ । यस्तो अवस्थालाई निस्तेज गर्न तपाई हामी एक भएर सामना गर्नु पर्ने छ । संस्थालाई अझ चुस्त दुरुस्त बनाउँदै उन्नत बनाउनु पर्नेछ । यसका लागि संस्था पूर्णरूपमा त्यस तर्फ लाग्ने विश्वास यहाँहरूलाई दिलाउन चाहन्छु ।

अन्तमा, यो संस्थालाई सधै विश्वास गर्नु हुने तपाई शेयर सदस्यज्यूहरू, संस्था सफलतापूर्वक सञ्चालन गर्ने सञ्चालक समितिका पदाधिकारीहरू, संस्थालाई सधैं उचित सल्लाह दिने सल्लाहकारज्यूहरू, संस्थाको लेखालाई चुस्त दुरुस्त राख्नका लागि संयोजनको भूमिका खेल्ने लेखा समितिका पदाधिकारीहरू, उप-समितिका पदाधिकारीहरू, संस्थामा अहोरात्र खट्ने कर्मचारी भाइबहिनीहरू र हाम्रो संस्थालाई हर तहबाट सहयोग पुऱ्याउनु हुने सबै संघसंस्था र निकायहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।
धन्यवाद ! जय सहकारी !! जय जेष्ट आइडियोलोजी !!!

अध्यक्ष
रामप्रसाद आचार्य

११ औं वार्षिक साधारण सभामा लेखा संयोजकद्धारा प्रस्तुत प्रगति प्रतिवेदन वार्षिक प्रतिवेदन आ.व. २०७६/०७७

आदरणीय शेयर सदस्यज्यूहरु,

कारोना भाईरस (कोभिड-१९) को विषम परिस्थितीमा संस्थाको ११ औं साधारण सभा सम्पन्न हुन लागि रहेकोले लेखा समितिको तर्फबाट सबैमा हार्दिक अभिवादन गर्दै आर्थिक बर्ष २०७६/०७७ मा लेखा समितिले अनुगमन तथा निरिक्षण गरि प्राप्त गरेको जानकारीहरुलाई सहकारी नियमावलीको निश्चित ढाँचामा प्रस्तुत गर्नुपर्ने व्यवस्थालाई मध्येनजर गर्दै लेखा समितिको प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१) जेष्ट आईडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.को केन्द्रिय कार्यालय-न्युरोड, सेवा केन्द्र-मैतिदेवी र काडाँघारी काठमाण्डौको २०७७ अषाढ मसान्तसम्मको कारोवारको विवरणहरु:

१. चुक्ता शेयर पुँजी : ९ करोड १९ लाख १७ हजार रुपैंया मात्र
२. निक्षेप : १ अर्व ८ करोड २१ लाख ८१ हजार ३ सय १० रुपैंया मात्र
३. जगेडा तथा अन्य कोष : ७ करोड १७ लाख २० हजार १ सय ८५ रुपैँया मात्र
४. कर्जा जोखिम कोष : ५ करोड ९८ लाख २२ हजार ३ सय ६२ रुपैँया मात्र
५. कर्जा लगानी : १ अर्व ४१ करोड ६४ लाख ७३ हजार ४ सय ७१ रुपैंया मात्र
६. यस बर्षको नाफा (कर अघिको) : ३ करोड २२ लाख १६ हजार ६ सय ३ रुपैंया मात्र
७. स्थिर सम्पती : ३ करोड ८१ लाख ९६ हजार १ सय ४७ रुपैँया मात्र
८. नगद तथा बैक मौज्दात : १७ करोड ९७ लाख ८९ हजार ५ सय ७६ रुपैँया मात्र
९. लगानी हिसाव : ३ करोड ५१ लाख ६९ हजार १ सय रुपैँया मात्र
१०. कुल कारोबार : १ अर्व ७० करोड ८४ लाख ३१ हजार ५० रुपैंया मात्र

२) अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था

संस्थाको सर्वोपरि हितलाई मध्ये नजर गर्दै समयको माग अनुसार नयाँ गतिमा संस्थालाई गतिशिल बनाउन गरिएको निर्णयहरु कार्यान्वयन गर्दै लगिएको पाईयो ।

३) आ.व. २०७६/०७७ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

आ.व. २०७६/०७७ मा संचालक समिती बैठक १७ पटक बसेको देखिएको छ, साथै बैठकको निर्णयहरु कार्यान्वयन गरेका पाईन्छ ।

४) ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

संस्थाको बचत तथा ऋण निती २०६९ अनुसार शेयर सदस्यहरुको व्यवसाय दर्ता, दुई जनाको व्यक्तिगत जमानी, संस्थासँग शेयर सदस्यहरुले गरेको कारोवार, शेयर राखी सामूहिक जमानी कर्जा र धितोमा धितो मुल्याङ्कनकर्ताद्वारा मुल्याङ्कन गरी सम्बन्धित निकायमा धितो दृष्टिबन्धक रोक्का गरि कर्जा लगानी गरेको पाईन्छ ।

५) सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :

जारी मापदण्ड क्रमिक रुपमा पालना गर्दै आफ्नो कारोबार गर्दै आफ्नो शेयर सदस्यहरुलाई सेवा दिदैं अघि बढाई रहेको छ । यसको कारण नै संस्था हालसम्म यो अवस्थामा आइपुगेको तथ्य जानकारी गराउन चाहन्छु ।

६) सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवदेन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वय सम्बन्धी विवरणहरु :
नियमनकारी निकायहरुले दिइएको प्रतिवदेन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वय क्रमिक कार्यन्वयन गर्दै लगेको पाईन्छ । कतिपय नीतिगत सुझावलाई थप समय लिदैं लागू गर्दै संस्था अगाडी बढिरहेको छ ।

७) पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण : छ
संस्थाबाट कुनै पारिश्रमिक नलिएको साथै दशौं बार्षिक साधारण सभाले स्वीकृत गरे अनुसार सञ्चालक समितिले प्रति बैठक रु. ४ हजारका दरले बर्षमा बढीमा १३ वटा सम्मको बैठक भत्ता लिनु पर्नेमा कोभिड-१९ को कारण ११ वटा बैठकको भत्ता लिएका र लेखा समितिले प्रति बैठक रु. ४ हजारका दरले बर्षमा ४ पटक सम्मको बैठक भत्ता लिएका पाईन्छ । संस्थाको अध्यक्षले सवारी साधन सुविधा लिनु भएको पाईयो ।

८) कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :
८.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको : भएको
८.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याईएको छ ।
८.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : पारदर्शी भएको
८.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको/नरहेको : रहेको
८.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : संस्थामा व्यवस्थापन प्रमुखको रुपमा सञ्चालक समितिको सचिव रहनु भएको छ । शैक्षिक योग्यता शिक्षा शास्त्रमा स्नाकोत्तर तह र कानून शास्त्रमा स्नातक तह उर्त्तीण गरी अधिवक्तासमेत हुनुहुन्छ, १५ बर्ष सहकारी क्षेत्रको अनुभव रहेको छ ।
८.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या:
८.६.१ इर्न्टन : छैन
८.६.२ अस्थायी : ३६ जना
८.६.३ स्थायी : २३ जना

९) लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था:
सही सुझावलाई आत्मसाथ गर्दै कार्यान्वयन गर्नु नै संस्थाको सफलता भएकोले गत आ.ब.को सुझावलाई कार्यान्वयन गर्दै लगिएको पाईन्छ । केहि सुझावहरु लागु हुने चरणमा छन् ।

१०) लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु:
समय-समयमा बसेको बैठक निर्णयहरु बमोजिम क्रमिक रुपमा कार्यान्वयन गरिएको र लेखा समितीले PEARLS प्रणालीबाट लेखा विश्लेषण र कर्जा प्रवाहको आधारमा कर्जा जोखिम कोषको व्यवस्था गरेकोले संस्थाको वित्तिय स्वस्थता हासिल गरेको छ ।

११) लेखा समितिको सुझावहरु:
१. २/३ बर्ष अवधिका निक्षेप संकलित गर्न आवश्यक देखिन्छ ।
२. कर्जा समितिको काम कारवाहिलाई अझ प्रभावकारी बनाई संस्थाको लगानी भएको कर्जाको उठाउन पहल गर्नु पर्नेछ ।
३. संस्थाको अझै बचत तथा ऋण निति समय समयमा सुधार गर्नु पर्ने देखिन्छ ।
४. संस्थाको जेगडा कोषलाई थप मजबुत गर्दै लैजानु पर्ने देखिन्छ ।

अन्तमा, यस विषम परिस्थितीमा लेखा समितिको प्रतिवेदन निर्माणमा सहयोग पुर्‍याउनु हुने सम्पुर्ण कर्मचारी साथीहरुमा विशेष धन्यवाद दिन चाहन्छु । जय सहकारी, जय जेष्ट आइडियोलोजी ।

लेखा समिति संयोजक
मोहन बहादुर बुढाथोकी

११ औं वार्षिक साधारण सभामा
प्रमुख कार्यकारी सञ्चालकद्वारा प्रस्तुत प्रगति प्रतिवेदन

विश्व जगतमा हाल चलिरहेको कोरोना भाईरसले सन्त्रासित संकटको परिस्थितीमा संस्थाको ११ औं वार्षिक साधारण सभा सम्पन्न हुन लागि रहेको छ। यस्तो परिबेशमा संस्थाको नियमनकारी निकायले दिएको निर्देशनलाई आत्मसाथ गर्दै संस्थाको साधारण सभा सम्पन्न गरिरहदाँ विभिन्न माध्यमबाट सभामा सहभागि भै महत्वपुर्ण राय, सल्लाह सुझाव प्रदान गर्नुहुने विभिन्न समितिका पदाधिकारी तथा सम्पूर्ण सदस्य महानुभावहरुलाई हार्दिक स्वागत तथा सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु,

कोरोना भाईरसले विश्व अर्थतन्त्र नै शिथिल बनाउनुका साथै आम जनमानस तथा सहकारी क्षेत्रमा यसको नकारात्मक प्रभाव परिरहेको अवस्था छ । यसको नकारात्मक प्रभावको विच सहकारीले आर्थिक, सामाजिक, वातावरणीय र साँस्कृतिक परिवर्तनका लागि एक महत्वपुर्ण संवाहक बन्दै नेपालमा ६३ औं सहकारी दिवस दिवस समेत मनाईसकेको छ । आधारभूत देखि उच्चतहसम्मको आवश्यकता पुरा गर्ने सकारात्मक परिवर्तनको संवाहक बनेको सहकारीको उपस्थिति समाजमा दरविलो हुदैं गएको छ । देशको नयाँ संरचना र व्यवस्था अनुरुप सहकारीको नीति, विधि र प्रविधिबाट सहकारी सञ्चालनको रुपरेखा कोरिदैं छ । सहकारीको प्रादेशिक संरचना र अवस्था हेर्दा नेपालका सहकारीहरुले अबका दिनमा ग्रामिण भेगमा उत्पादनमूखी र शहरी क्षेत्रमा वितरणमूखी सहकारी सञ्चालनका अवधारणालाई थप मुर्तता दिन आवश्यक छ । सहकारी ऐन २०७४, नियमावली २०७५, सहकारीमा सम्पत्ति शुद्धिकरण निवारण कार्यविधी २०७४, सन्दर्भ व्याजदर र बर्तमान सहकारीका विविध महत्वपुर्ण परिवर्तनहरुलाई आत्मसात् गर्दै कोभिड-१९ ले अर्थतन्त्रमा पारेको नकारात्मक प्रभाव सहित सहकारीको अवको दिशा, सहकारीको अवसर र चुनौतीहरुको विचमा अवको निकासलाई मध्येनजर गर्नु पहिलो आवश्यकता बनेको छ ।

आदरणीय शेयर सदस्यज्यूहरु,

हाम्रो संस्था जेष्ट आईडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको एघारौं साधारण सभा मनाई रहेका छौं । एघारौं वसन्त पार गर्दा विभिन्न उतारचढावहरुको सामना गर्दै अनुभव बटुल्दैं गुणस्तरीय सेवा प्रदान गरिरहेका छौं । संस्थाले सहकारी सञ्चालनको मूल्य, मान्यता र सिद्धान्तलाई उच्चतम प्रयोग गर्दै पर्ल्स अनुगमण प्रणाली (PEARLS Monetaring System) का महत्वपूर्ण १९ सुचकांकहरु अवलम्बन गरेको छ । यसबाटै संस्थाको सम्पत्ति र दायित्व, आम्दानी र खर्च चारैवटा खाताको तुलनात्मक विश्लेषण गरि आ.व. २०७६/०७७ का प्राप्त उपलब्धीहरुलाई यहाँहरु समक्ष पेश गर्न चाहन्छु ।

जेष्ट आडियोलोजी बचत तथा ऋण सहकारी संस्था लि.

पर्ल्स (PEARLS) अनुगमन पद्धति नतिजा २०७६।०७७

	सुचाङक	लक्ष्य	अनुपात	नतिजा
P= Protection (संरक्षण)				
P1	१२ महिना भन्दा बढि भाका नागेको ऋणको लागी जोखिम व्यवस्था	१००%	३१,८११,२०६.०० / ३१,८११,२०६.००	१००%
P2	१२ महिना भन्दा कम भाका नागेको ऋणको लागी जोखिम व्यवस्था	३५%	१४,५८१,१३७.९० / ४१,६६०,३९४.००	३५%
	असल ऋणको लागी जोखिम व्यवस्था	१%	१३,४३०,०१८.७१ / १,३४३,००१,८७१.००	१%
E= Effective Financial Structure (प्रभावकारी वित्तीय संरचना)				
E1	जम्मा सम्पत्तीमा लगानीमा रहेको खुद ऋण	७०-८०%	१,४१६,४७३,४७१.०० / १,७०८,४३१,०५०.६५	८३%
E5	जम्मा सम्पत्तीमा बचतको अनुपात	७०-८०%	१,०८२,१८१,३१०.९९ / १,७०८,४३१,०५०.६५	६३%
E6	जम्मा सम्पत्तीमा बाह्य ऋण तथा सापटीको अनुपात	५% भन्दा कम	३३४,९५९,३४५.१५ / १,७०८,४३१,०५०.६५	२०%

E7	जम्मा सम्पत्तीमा शेयर रकमको अनुपात	१०-२०%	९१,९१७,०००.०० १,७०८,४३१,०५०.६५	५%
E8	जम्मा सम्पत्तीमा कुल संस्थागत पुंजीको अनुपात	कम्तिमा १०%	७१,७२०,१८५.२९ १,७०८,४३१,०५०.६५	४%
E9	जम्मा सम्पत्तीमा खुद संस्थागत पुंजीको अनुपात	E8 बराबर	७१,७२०,१८५.२९ १,७०८,४३१,०५०.६५	४%
A= Assets Quality (सम्पत्तिको गुणस्तर)				
A1	कुल ऋण लगानीमा भाका नागेको ऋणको अनुपात	५% भन्दा कम	३१,८११,२०६.०० १,४१६,४७३,४७१.००	२%
A2	जम्मा सम्पत्तीमा नकमाउने सम्पत्तीको अनुपात	५% भन्दा कम	८६,३२२,३७९.५१ १,७०८,४३१,०५०.६५	५%
A3	आय आर्जन नगर्ने सम्पत्तीमा खुद लागत रहित पुंजीको अनुपात	२००%	९१,९१७,०००.०० ८६,३२२,३७९.५१	१०६%
R= Rate of Return (लगानीमा प्रतिफल)				
R9	औषत सम्पत्तीमा संचालन खर्चको अनुपात	५%	२९,६१४,२३३.५० १,५४७,७७४,५१४.९३	२%
R12	औषत सम्पत्तीमा खुद आयको अनुपात	कम्तिमा १०% / E9 बराबर	३२,२१६,६०३.५१ १,५४७,७७४,५१४.९३	२%
L= Liquidity (तरलता)				
L1	बचत रकममा तरल सम्पत्तीको अनुपात	न्युनतम १५%	२५३,७६१,४३२.३८ १,०८२,१८१,३१०.९९	२३%
L2	बचत रकममा तरलताको अनुपात	१०-२०%	१७९,७८९,५७६.१४ १,०८२,१८१,३१०.९९	१७%
L3	कुल सम्पत्तीमा आर्जन नगर्ने तरल सम्पत्तीको अनुपात	१% भन्दा कम	३८,८०२,७५६.२४ १,७०८,४३१,०५०.६५	२%
S= Sign of Growth (वृद्धि)				
S10	सदस्यता वृद्धिदर	१२% भन्दा बढि	१२१ १७८०	७%
S11	कुल सम्पत्तीको वृद्धिदर	मुद्रास्फितीको दर भन्दा बढी	३२१,३१३,०७१.४४ १,३८७,११७,९७९.२१	२३%

मुद्रास्फितीको दर ५.२० स्रोत NRB

उल्लेखित आर्थिक बर्ष २०७६/०७७ पर्ल्स अनुगमण प्रणालीको नतिजालाई यहाँहरुले स्वयम् अध्ययन गर्न सकिने गरी प्रस्तुत गरेको छु । संस्थाको वासलातमा एउटा पक्षको मात्रा उच्च र अर्को पक्षको न्यून मात्राले वासलातलाई सन्तुलित र गुणस्तरको बनाउन सक्दैन भन्ने पक्षलाई सञ्चालक समितिको राम्रो बुझाई छ। जसरी मानिस स्वस्थ हुन सन्तुलित आहार खानु पर्छ त्यसरी संस्थाको दिगो र सन्तुलित विकासका लागि पनि संस्थाको सम्पत्ति र दायित्व, आम्दानी र खर्च चारैवटा खातामा पर्ल्स अनुगमण प्रणालीको मापदण्ड अनुसार वासलात निर्माण गर्नुपर्छ भन्ने तथ्यलाई यहाँहरु समक्ष पेश गरिसकेको छु ।

आदरणीय शेयर सदस्यज्यूहरु,

संस्थाले ५ बर्षमा आफ्नो वासलात बनाएको विवरण समेत यसै प्रतिवदेन पुस्तिकामा समावेश गरेको जानकारी गराउन चाहन्छु । मुख्य तुलनात्मक विवरणले ५ वर्षमा गरेको आर्थिक विकासलाई छर्लङ्ग पारेको छ । यसरी नै आ.व. २०७५/०७६ को कारोवारका सक्षिप्त सिहंवालोकन र आ.व. २०७६/०७७ मा हासिल गरेको आर्थिक उपलब्धीलाई तुलनात्मक रुपमा यस साधारण सभामा प्रस्तुत गर्न चाहन्छु ।

वित्तिय सुचांकहरु	आ.व. २०७६/०७७	आ.व. २०७५/०७६	बृद्धि (प्रतिशतमा)
शेयर पूँजी	९,१९,१७,०००	८,४४,२५,२००	८.८७
निक्षेप	१,०८,२१,८१,३१०	९५,७६,४१,३८७	१३.००
कोष हिसाव	७,१७,२०,१८५	५,११,९७,११२	४०.०८
कर्जा लगानी	१,४१,६४,७३,४७१	१,१८,९५,१५,५०५	१९.०७
कर्जा जोखिम कोष	५,९८,२२,३६२	५,१६,१६,८९२	१५.८९
लगानी हिसाव	३,५१,६९,१००	२,१९,६६,४००	६०.१०
नाफा (कर अघिको)	३,२२,१६,६०३	२,८६,११,३०७	१२.६०
कुल सम्पती	१,७०,८४,३१,०५०	१,३८,७१,१७,९७९	२३.१६

उल्लेख गरिएको आर्थिक उपलब्धीलाई तुलनात्मक रुपमा याँहाहरुले बुझ्ने गरि प्रस्तुत गरिएको व्यहोरा अवगत गराउन चाहन्छु । संस्थाले आ.व ०७६/७७ विभिन्न उतरचढाव साथै कोरोना भाईरसको महामारीले अर्थतन्त्रमा असर हुदाँ-हुदैं पनि वित्तिय सुचांकहरु धनात्मक बनाउन सफल भएको छ । संस्थाले हासिल गरेको उपलब्धि प्रति विभिन्न समिति, उप-समितिका पदाधिकारीहरु, सहयोगी सदस्यहरु र कोरोना भाईरसको सन्त्रासको प्रवाह नगरि संस्थाको सदस्यहरुलाई निरन्तर सेवा प्रदान गर्नु पर्छ भन्ने भावबाट अभिप्रेरित, कर्तव्यनिष्ठ कर्मचारी साथीहरु प्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

प्रस्तावित भावी रणनिती तथा कार्यक्रमहरु:

रणनिती तथा कार्यक्रम विनाको संस्था होस् या व्यक्ति गन्तब्यहिन यात्री जस्तै हुन्छ । यसले प्रगतिशिल संस्थाको परिकल्पना गर्न सक्दैन भन्ने तथ्य प्रति संस्थाको संचालक तथा अन्य विभिन्न समितीहरु र संलग्न सम्पुर्ण कर्मचारीले राम्रोसँग बुझेको छ । परिणाम स्वरुप संस्थाले हरेक आर्थिक बर्षमा लक्ष्य तथा कार्यक्रम घोषणा गरि कार्यन्वयन गर्दै हासिलसमेत गरेको छ। संस्थाले वासलातलाई थप मजबुत बनाउन संख्यात्मक मात्र होईन गुणात्मक बनाउने लक्ष्य तथा कार्यक्रम अभ्यास गरिरहेको जानकारी गर्न चाहन्छु । कोराना भाईरसको महामारीले आम सहकारीको व्यवसाय निरन्तरताको चुनौतीको परिवेशमा व्यवसायिक चुनौतीलाई अवसरमा बदल्दै सदस्यलाई थप प्रविधि मैत्री सेवा प्रदान गर्ने, योग्य जनशक्तिको लागि शाखागत तालिम दिने, दिगो आर्थिक विकासका सहकारी क्षेत्रका नविनत् ज्ञान, सीप र प्रविधीको प्रयोग गर्ने, संस्थाको कारोवार अनुसार पूँजीकोषको तादम्यता मिलाउने, नगद कारोवारमा हुने जोखिम न्यूनीकरण गर्न मोवाईल व्याकिङ साथै नगद रहित अन्तरबैक भूक्तानी प्रणाली (Interbank Payment System (IPS) सेवा संचालन ल्याईएकोले सो सेवालाई विस्तारित गर्दै जाने साथै संस्थाले विभिन्न कार्यक्रमहरु समय सापेक्ष रुपमा ल्याई सफलताको ईट्टा थप्दै सन्तुलित सहकारी बनाउने प्रतिबद्धता यस साधारण सभा समक्ष व्यक्त गर्दछु ।

अन्तमा,

संस्थाको नियमनकारीहरुबाट संस्थालाई प्राप्त भै रहेको मार्गदर्शन र सहयोग प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यसरी नै संस्थालाई निहाल्दै वित्तिय सहयोग पुऱ्याउनु हुने राष्ट्रिय सहकारी बैंक, नेफ्स्कून, काठमाडौं जिल्ला सहकारी संघ, कास्कून, लगायत सबै सहयोगी संघ, संस्था र यस संस्थाको ११ औं बार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरि व्यस्त समयको बाबजुत पाल्नुहुने सञ्चालक समितिका पदाधिकारीहरू, सल्लाहकारज्यूहरू, उपसमितिका पदाधिकारीहरू, सदस्य महानुभावहरु सबै मा आभार प्रकट गर्दै विशेष धन्यवाद दिन चाहन्छु । संस्थाको लक्ष्य प्राप्ति लागि प्रमूख कार्यकारी सञ्चालकलाई सधैं साथ दिई संस्थाको इमान्दार, कर्तव्यनिष्ठ सम्पुर्ण शाखाका कर्मचारी साथीहरूमा कृतज्ञताका साथ धन्यवाद दिदैं संस्थाको प्रतिवेदन प्रस्तुतबाट विदा हुन चाहन्छु । धन्यवाद ! जय सहकारी ! जय जेष्ट आईडियोलोजी !

प्रमुख कार्यकारी सञ्चालक
हेम बहादुर कार्की

S. Rijal & Associates

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
न्युरोड-२२, काठमाण्डौ, नेपाल

का शेयर सदस्यहरूसमक्ष
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

राय
हामीले जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेड न्युरोड-२२, काठमाण्डौ, नेपालको यसैसाथ संलग्न वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं जसमा २०७७ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन तथा अन्य लेखासम्बन्धी नीति तथा टिप्पणी पर्दछन् ।

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले नेपाल वित्तिय विवरण प्रतिवेदनमान (एन.एफ्.आर.एस्.) अनुसार छुट्टै वित्तिय विवरण तयार नगरेकोले सो उपर कुनै राय व्यक्त गरिएको छैन ।

रायको आधार
हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको *"वित्तीय विवरणहरु प्रति लेखापरीक्षकको जिम्मेवारी"* शीर्षक अन्तर्गत उल्लेख गरेका छौं । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पूरा गरेका छौं । यस संस्थाले नेपाल वित्तिय विवरण प्रतिवेदनमान अनुसारको वित्तिय सुचनाको पुनर्लेखन, प्रस्तुती र खुलासा गर्नु पर्नेमा सो अनुरुप नगरिएकोले यसको एकिकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुन सक्छ । नेपाल वित्तिय विवरण प्रतिवेदनमान पहिलो पटक लागु गर्दा वित्तिय विवरणमा पर्नसक्ने असरको बारेमा लेखापरिक्षणको शिलसिलामा प्राप्त प्रमाणहरु पर्याप्त नहुन सक्छ जसले लेखापरीक्षकको रायको लागि उपयुक्त आधार प्रदान गर्दैन ।

वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व
वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थाको व्यवस्थापनमा रहेको छ ।

संस्थाको वित्तीय प्रतिवेदन प्रकृया सम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ । नेपाल वित्तिय विवरण प्रतिवेदनमान (एन.एफ्.आर.एस्.) अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारीअन्तर्गत जालसाझी वा गल्ती तथा सारभूत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्न, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, लेखा नीतिहरूको छनोट तथा लागू गर्न एवं परिस्थितिअनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिब आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र ती त्रुटिहरुको भौतिकता मापन वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने कुरामा भर पर्दछ ।

यस शिर्षक सम्बन्धी अन्य कुराहरु *परिशिष्ट १* मा उल्लेख गरेका छौं ।

अन्य कानुनी तथा नियमनकारी व्यवस्थामाथिको प्रतिवेदन

१. हाम्रो लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टीकरणहरू यथाशीघै पायौं ।
२. संलग्न वासलात तथा नाफा नोक्सान हिसाब संस्थाले राखेको हिसाबकिताबसँग दुरुस्त रहेका छन् ।
३ हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा संस्थाका हिसाबकिताबहरू प्रचलित कानुनबमोजिम ठीकसँग राखिएका छन् ।
४. हामीले प्राप्त गरेको सूचना एवं हामीलाई दिइएको स्पष्टीकरण तथा संस्थाको हिसाबकिताब परीक्षणबाट संस्थाको सञ्चालक समितिले वा संस्थाका कुनै कर्मचारीले सहकारी ऐनविपरीत कामकाज गरेको वा सदस्यहरूको हितविरुद्ध काम गरेको पाइएन ।
५. संस्थाले ऋण लगानी गर्दा १ प्रतिशत सेवा शुल्कबाहेक अन्य कुनै पनि शुल्कहरू लिन नपाइने जारी सहकारी ऐनमा व्यवस्था भएकोमा सोविपरीत १ प्रतिशत सेवा शुल्क लिनुका साथै अन्य शुल्कहरूसमेत असुल गरी आम्दानी जनाएको छ ।
६. संस्थाले लगानी गरेको कर्जाको वर्गीकरण गरी जारी सहकारी ऐनमा व्यवस्था भएअनुसार जोखिम कर्जा कोषको व्यवस्था गरेको पाइएको छ ।
७. हामीले दिएको आर्थिक विवरणको लेखा नीति तथा लेखापरीक्षणको टिप्पणीमा औंल्याइएको टिप्पणीबाहेक अन्य वित्तीय विवरणहरूले यथार्थ चित्रण गर्दछन् ।

S.Rijal & Associates ★ Kathmandu ★ Chartered Accountants

सिए. सुरेन्द्र रिजाल
एस. रिजाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति : २०७७।०८।१२
स्थान : काठमाडौं, नेपाल
UDIN:

परिशिष्ट १

लेखापरिक्षणको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यवसायिक क्षमता प्रयोग गरेको छौँ । वित्तीय विवरणहरु जालसाजी वा भूलबाट हुनसक्ने भौतिक सारभूत त्रुटिहरुको पहिचान र जोखिमको मूल्यकंन गरेका छौँ । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरु केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रकृयाहरु अवलम्बन गरेका छौँ ।

- भूलबाट हुने त्रुटिभन्दा जालसाजीबाट हुने त्रुटी पत्ता लगाउने जोखिम अधिक हुन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई निकाय सुहाउँदो लेखापरीक्षण प्रकृया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौँ ।

- व्यवस्थापनले प्रयोग गरेका लेखा नीति, लेखा अनुमान एवम् वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याकंन गरेका छौँ ।

- व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको निष्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुको आधारमा मूल्यांकन गरेका छौँ । मूल्याकंन गर्दा लिएका आधारहरुको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न नसकिने हुनाले आउँदा दिनहरुमा अविच्छिन्नता रहने कुराको आश्वाशन दिन सकिँदैन ।

- स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरुको पूर्ण रुपले पालना गरिएको र हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विवरणहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्ने विवरणहरुलाई निराकरण गर्ने उपायहरु शासकीय व्यवस्था बहन गर्ने अख्तियारीलाई सूचित गराएका छौँ ।

IDEOLOGY
SAVING & CREDIT CO-OPERATIVE LIMITED

जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

न्युरोड-२२, काठमाण्डौ, नेपाल

२०७७ साल आषाढ मसान्तको वासलात

